# कालीगन्डकी गाउँपालिकाको आवधिक विकास योजना

# तर्जुमा गर्ने परामर्शदाताको लागि कार्यशर्त

**Terms of Reference fo Preparation of Periodic Ddevelopment Plan (TOR)**

कालीगण्डकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
विर्घा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७७

## विषयसूचि


१. परिचय (Introduction) ........................................................................................1

२. परामर्श सेवाका उद्देश्य (Objectives of this Consultancy Service) ..............................................1

३. परामर्श सेवाका कार्यक्षेत्र (Scope of work of this Consultancy Service) .....................................1

४. परामर्शदाताको योग्यता र अनुभव(Qualification and Experience of the Consultant/firms) ..........3

५. समयावधि (Timeline) ........................................................................................4

६.परामर्शदाताले बुझाउनु पर्ने प्रतिवेदनहरु (Deliverables) .................................................................5

७. परामर्शदाताको रिपोर्टिङ (Reporting by the Consultant ) ..........................................................6

८. परामर्शदाताको लागि चाहिने सामानको व्यवस्था (Logistic Arrangeent to the Consultant) ..............7

९. परामर्शदाताको लागि आवधिक विकास योजना तर्जुमा सम्बन्धी प्रशिक्षण (Orientation to the Consultant on Preperation of Local level Periodic Plan) ..........................................................7

१०. विनियोजित बजेट तथा भुक्तानी योजना (Budget Allocation & Payment Plan) .............................7

११. प्रस्ताव पेश गर्ने तरिका (Guideline for Submission of Proposal) .............................................7

१२. प्रस्ताव मूल्यांकन गर्ने तरिका (Methods of Evaluation of Proposal) .........................................8

अनुसुचि-१ -योजना तर्जुमा खाका ........................................................................................9

अनुसूची २ -नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका तुलनायोग्य सूचकहरु ................................17

अनुसूची ३ -दिगो विकास लक्ष्य प्राप्त गर्न प्राथमिकता दिनुपर्ने कार्यक्रमहरु ...........................................39

## १. परिचय (Introduction)

नगर/गाउँपालिकाको संक्षिप्त परिचय ।

नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम स्थानीय तहले आफ्नो कार्य सञ्चालन गर्दै आइरहेका छन् । स्थानीय तहबाट उक्त ऐनको दफा ११ को उपदफा २(छ) अनुसार स्थानीय स्तरको विकास निर्माण सम्बन्धी आवश्यक नीति, स्थितिपत्र, आवधिक विकास योजना, त्रिवर्षीय मध्यमकालिन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम बनाई कार्यान्वयन गर्ने व्यवस्था छ । नेपाल सरकारले परिकल्पना गरेको "समृद्धनेपाल, सुखी नेपाली" र गण्डकी प्रदेश सरकारले परिकल्पना गरेको "समृद्धप्रदेश, सुखी नागरिकको सोचलाई साकारपार्न कालीगण्डकी गाउँपालिकाको स्थानीय आवश्यकता अनुरुप विकास गतिविधिलाई व्यवस्थित र दिगो बनाउन आवधिक विकास योजना निर्माण गरी कार्यान्वयन गर्न आवश्यक छ ।स्थानीय तहको आवधिक विकास योजना तर्जुमा सम्बन्धमा भएका कानूनी व्यवस्था र संघ तथा प्रदेश सरकारले तयार गरेका निर्देशिकाको अनुशरण गरी कालीगण्डकी गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्ने परामर्शदाताको लागि यो कार्यशर्त तयार गरिएको छ।

## २. परामर्श सेवाका उद्देश्य (Objectives of this Consultancy Service)

यस परामर्श सेवाको मुख्य उद्देश्य कालीगण्डकी गाउँपालिकाको त्रिवर्षीय आवधिक विकास योजना तयार गर्न प्राविधिक सहयोग गर्नु हो । यसका विशिष्ट उद्देश्य निम्नअनुसार छन् :

१. गाउँपालिकाको स्थितिपत्र अद्यावधिक गरी आवधिक विकास योजना तथा त्रिवर्षीय मध्याबधी खर्च संरचना तर्जुमा गर्न चाहिने आधार वर्ष तथ्याङ्क तयार गर्ने;
२. आवधिक विकास योजना तर्जुमा प्रक्रियाको सहजिकरण गर्ने;
३. आवधिक विकास योजनाको मस्यौदा तयार गर्ने; र
४. मस्यौदा आवधिक विकास योजनालाइ सरोकारवला संग छलफल गरी अन्तिम रुप दिने

## ३. परामर्श सेवाका कार्यक्षेत्र (Scope of work of this Consultancy Service)

### ३.१ गाउँपालिकाको स्थितिपत्र अद्यावधिक गरी आधार वर्ष तथ्यांङ्क तयार गर्ने

(क) स्थानीय तह, प्रदेश तथा नेपाल सरकार संग रहेका सूचना संकलन गरी स्थानीय तहको स्थितिपत्र अद्यावधिक गर्ने।

(ख) स्थानीय तहको आवधिक विकास योजना, दिगो विकास योजना र त्रिवर्षीय मध्यमकालिन खर्च संरचना तयार गर्न चाहिने आधार वर्ष तथ्याङ्क अद्यावधिक गर्ने ।

### ३.२ ऐन, कानून, नीति, नियम, योजना तथा कार्यक्रमको समीक्षा गर्ने

(क) राष्ट्रिय तथा प्रदेश तहका कानून, नीति नियम, योजना र कार्यक्रमको समीक्षा गर्ने ।

(ख) सम्बन्धित स्थानीय तहका कानून, नीतिनियम र अभिलेखको समीक्षा गर्ने ।

(ग) आवधिक विकास योजना तयार गर्दा प्रयोग हुने ऐनकानून, नीति नियम, योजनार कार्यक्रम बारेका सूचना तयार गर्ने।

(घ) राष्ट्रिय योजना आयोगबाट तर्जुमा गरिएको योजना तर्जुमा सम्बन्धी मार्गदशर्न तथा प्रदेशबाट तर्जुमा गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७७ सँग तादम्यता हुने गरी आवधिक योजना तर्जुमा गर्ने।

### ३.३ विषयगत समितिहरु गठन गर्ने र समितिका सदस्यलाई योजना तर्जुमा सम्बन्धी अभिमुखिकरण गर्ने

**(क)आर्थिक विकाससमिति:** कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र ।

**(ख)समाजिक विकास समिति:** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण ।

**(ग)पूर्वाधार विकास समिति:** सडक तथा पुल, झोलुंगे पुल, सिंचाइ, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, वैकल्पिक ऊर्जा, संचार ।

**(घ)वातावरण तथा विपद व्यवस्थापन समिति:** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्तपन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन ।

**(ङ)संस्थागत विकास सेवा प्रवाहतथा सुशासन समिति:** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग,लेखाङ्कन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट।

(च) स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य, विषयगत समितिका सदस्य र कर्मचारीलाई आवधिक विकास योजना तर्जुमा सम्बन्धमा अभिमुखिकरण गर्न सहजिकरण गर्ने ।

### ३.४ आवधिक विकास योजना तर्जुमा गर्ने

(क) आवधिक विकास योजना तर्जुमाको लागि विभिन्न तह र चरणमा कार्यशाला र छलफल आयोजना गर्ने ।

(ख) रास्ट्रिय योजना आयोगले तर्जुमा गरिएको योजना तर्जुमा सम्बन्धी मार्गदशर्न र प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेको स्थानीय तहमा योजना तर्जुमा दिग्दर्शन अनुसार सम्बन्धित स्थानीय तह, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, प्रदेश नीति तथा योजना आयोग, र गण्डकीप्रदेशप्रशिक्षणप्रतिष्ठानको समन्वयमा सहभागिगतामुलक पद्धति अनुसार आवधिक विकास योजनाको मस्यौदा तयार गर्ने।

(ग) क्षेत्रगत आवधिक विकास योजना तयार गर्दा प्रदेश नीति तथा योजना आयोगले तयार गरेको फाराममा तयार गर्ने। जसअनुसार क्षेत्रको नाम

१. पृष्ठभुमि २. प्रमुख समस्या ३. चुनौती र अवसर ४. दीर्घकालिन सोच र लक्ष्य ५. रणनीति र कार्यनीति
६. कार्यक्रमका प्राथमिकता ७. विस्तृत कार्यक्रम ८. नतिजा गरी तयार गर्नु पर्नेछ (अनुसूची १)।

### ३.५ योजनाका लक्ष्य निर्धारण गर्दा राष्ट्रिय तथा प्रदेशका लक्ष्यलाई ध्यान दिने

(क) सन २०२२ मा नेपाललाई अल्प विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरउन्नति गर्ने विषय।
(ख) दिगो विकासका लक्ष्यहरू हासिल गर्दै विक्रम सम्वत् २०८७ सम्म नेपाललाई मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्नेविषय।
(ग) विक्रम सम्वत् २१०० सम्म नेपाललाई उच्च आय भएको मुलुकका रुपान्तरण गरी समृद्ध नेपाल र **सुखी नेपालीको दूरदृष्टी (Vision 2100)कार्यान्वयन गर्ने विषय।**
(घ)नेपाल सरकारले अंगिकार गरेका राष्ट्रिय नीति कार्यान्वयन गर्ने विषय।
(ङ) पन्ध्रौं योजना कार्यान्वयन गर्न स्थानीय तहले संघलाई सघाउनु पर्ने विषय।
(च) प्रदेशको प्रथम आवधिक विकास योजना कार्यान्वयन गर्न स्थानीयतहले प्रदेशलाई सघाउनु पर्ने विषय।
(छ) तीनै तहको साझा अधिकार क्षेत्रमा प्रदेश र स्थानीयतहले संघलाइ सघाउनु पर्ने विषय ।
(ज) स्थानीय तहका लक्ष्य निर्धारण गर्दा अनुसूची २ मा उल्लेख भएका, संघले १५ औ योजनामा र प्रदेशको प्रथम पञ्च वर्षिय योजनामा उल्लेख भएका सूचकसंग तुलना गर्न मिल्ने गरी निर्धारण गर्ने विषय ।
(झ) कार्यक्रम छनौट गर्दा दिगो विकास लक्ष्य प्राप्त गर्न सघाउने अनुसूची ३ वमोजिमका कार्यक्रमलाई प्राथमिकता दिने विषय ।

### ३.६ योजनाको परिमार्जन र गुणस्तर कायम गर्ने

(क) मस्यौदा लाई विभिन्न सरोकरवालाहरुसँग छलफल गराई परिमार्जन गर्ने।

(ख) प्रदेशमा रहेको निर्देशक समितिमा आवधिक विकास योजनाको मस्यौदामा छलफल गरी गुणस्तर एकिन गर्ने ।

(ग) निर्देशक समितिको निर्देशन एवम् पृष्ठपोषण अनुसार योजनाको मस्यौदालाई अन्तिम रुप दिने ।

### ४.परामर्शदाताको योग्यता र अनुभव(Qualification and Experience of the Consultant/**firms**)

यस आवधिक योजना गर्ने चाहने परामर्शदाता फर्म वा सस्थाले राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा कम्तिमा ५ वर्षको आवधिक तथा रणनीतिक योजना तर्जुमा सम्बन्धि काम गरेको अनुभव भएको हुनुपर्नेछ।साथै, सार्वजनिक नीति नियम विश्लेषण, अनुसन्धान र डाटा विश्लेषणमा बृहत् अनुभव भएको र संघ तथा प्रदेश तथा स्थानीय सरकारहरु सँग काम गर्ने ट्र्याक रेकर्ड भएको परामर्शदातालाइ बिशेष ग्राह्यता।यस बाहेक सस्थाले प्रस्ताव पेस अध्ययन कार्यदलमा निम्नानुसार योग्यता, अनुभव र क्षमता भएका बिज्ञ सुनिशिचित गरि प्रस्ताव पेश गर्नु पर्नेछ।

परामर्शदाताको रुपमा एक जना टोलि प्रमुख, एक अर्थशास्त्री र एक पूर्वाधार विज्ञ र **GIS Experts** आवश्यक हुनेछ। परामर्शदाताको योग्यता र अनुभव निम्न अनुसार हुनेछः

**(क) टोली प्रमुखः** विकास योजना वा अन्य उपयुक्त सामाजिक विज्ञानका विषयमा मान्यता प्राप्त विश्व विद्यालयवाट स्नातकोत्तर उत्तीर्ण भई योजना तर्जुमाका क्षेत्रमा कम्तिमा ५वर्षको अनुभव भएको। नेपाली भाषामा प्रतिवेदन लेख्ने दक्षता भएको र स्थानीय तहको परिवेश बारे राम्रो ज्ञान भएको हुनुपर्नेछ।

**(ख) अर्थशास्त्रीः** मान्यता प्राप्त विश्व विद्यालयवाट अर्थशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण भई योजना तर्जुमा क्षेत्रमा कम्तिमा ५ बर्षको अनुभव भएको।योजना तर्जुमा गर्दा आर्थिक तथा गैह्र आर्थिक क्षेत्रका कार्यक्रम अनुसार लागत अनुमान गर्ने ज्ञान भई नेपाली भाषामा प्रतिवेदन लेख्ने क्षमता भएको हुनुपर्नेछ।

**(ग) पूर्वाधार विज्ञः** सिभिल इन्जिनियरिङ्ग वा सो सरहको इन्जिनियरिङ्ग विषयमा स्नातक गरी योजना तर्जुमा क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव भएको । स्थानीय तहमा भौतिक पूर्वाधारको अवस्था बारे राम्रो ज्ञान भएको र नेपाली भाषामा प्रतिवेदन लेख्ने क्षमता हुनुपर्नेछ।

**(घ) GIS Experts:** GIS विषयमा स्नातक (मास्टर्सलाइ थप ग्राहयता)गरी कम्तिमा ५ वर्ष GIS सम्बन्धी काम गरेको र आवधिक योजना सम्बन्धि काममा अनुभव भएको

**५. समयावधि** (Timeline)

परामर्शदातको समय अवधि चार महिनाको हुनेछ ।

आवधिक योजना तर्जुमाको प्रक्रियागत चरण तथा क्रियाकलापहरू देहाय बमोजिम हुनेछन् ।

| चरण सम्पन्न गर्नु पर्ने मुख्य क्रियाकलापहरू | समयावधि | कैफियत |
|---|---|---|
| विज्ञ टोलीको नियुक्ति, जिम्मेवारी प्रदान र परिचालन | पहिलो हप्ता | |
| नगर/गाउँपालिकासँग समन्वय बैठकको आयोजना | | |
| सान्दर्भिक दस्तावेजहरू संकलन तथा समीक्षा | दोस्रो हप्ता | |
| नगर/गाउँपालिकासँग समन्वय गरी योजना तर्जुमा कार्ययोजना निर्माण | | |
| आवधिक योजना तर्जुमा सम्बन्धी नगर÷गाउँपालिकाका जनप्रतिनिधि, कमचारी र अन्य सरोकारवालाहरूसँग छलफल | | |
| विषयगत समिति/उपसमिति गठन गर्न सहजिकरण र अभिमुखिकरण | | |
| गण्डकीप्रदेशप्रशिक्षणप्रतिष्ठानद्धारा आयोजना गरिने अभिमुखिकरणमा सहभागी हुने । | | |
| तथ्यांक संकलन फारमको तयारी | | |
| योजना तर्जुमाको चरण | **३ महिना** | |
| स्थानीय तहको जनप्रतिनिधि कर्मचारी तथा अन्य सरोकारवालालाई आवधिक योजनाको आवश्यकता र प्रक्रियाको बारेमा अभिमुखीकरण कार्यक्रमको संचालन । | | |
| तथ्यांक संकलन, विश्लेषण गरी सम्बन्धित सरोकारवालाहरूबाट प्रमाणकरण | | |
| निर्वाचित जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूको सहभागितामा विषयगत | | |

| | | |
|---|---|---|
| समस्या विश्लेषण तथा आवश्यकता पहिचान कार्याशालाको आयोजना | | |
| दीर्घकालिन सोंच, लक्ष्य तथा उद्देश्य निर्धारण | | |
| अपेक्षित प्रतिफल र सूचक निर्धारण | | |
| विषयगत रणनीति, कार्यनीति र कार्यक्रमहरूको निर्धारण | | |
| कार्यक्रम÷परियोजनाहरु संचालनको लागि आन्तरिक÷बाह्य श्रोत पहिचान । | | |
| कार्यक्रम÷परियोजनाहरु संचालनको लागि आन्तरिक÷बाह्य श्रोत पहिचान । | | |
| श्रोत अनुमान तयार गर्ने (वाषर्ि्ाक रुपमा) | | |
| प्रतिष्ठानले उपलब्ध गराएको मापदण्ड र खाका अनुसार विषयगत योजनाको मस्यौदाको तयारी —विषयगत समितिहरू मार्फत) | | |
| प्रारम्भिक मस्यौदामाथि छलफल गर्ने | | |
| विषयगत योजना मस्यौदा सम्बन्धित समितिमा प्रस्तुति र छलफल गराई अन्तिम मस्यौदाको तयारी | | |
| सबै विषयगत योजनाको मस्यौदाहरूको एकीकरण | | |
| एकीकृत मस्यौदा प्रस्तुतिकरण, छलफल र सल्लाहसुझाबको लागि एकीकृत कार्यशालाको आयोजना | | |
| एकीकृत कार्यशालाबाट प्राप्त सल्लाहसुझाब, पृष्ठपोषण समावेश गरी आवधिक योजनाको अन्तिम मस्यौदाको तयारी | | |
| आवधिक योजनाको मस्यौदा पृष्ठपोषण तथा मापदण्ड एवं गुणस्तर सुनिश्चितताको लागि प्रदेशस्तरमा छलफल | | |
| निर्देशक समिति तथा प्रतिष्ठानको पृष्ठपोषण र सुझाबको लागि संयुक्त कार्यशाला आयोजना | | |
| छलफलबाट प्राप्त पृष्ठपोषण र सल्लाहसुझाव समावेश गरी अन्तिम मस्यौदाको तयारी | | |
| प्रमाणिकरण, स्वीकृति र पेश | **१५ दिन** | |
| अन्तिम मस्यौदा प्रस्तुतिकरण एवं प्रमाणिकरणको लागि सबै सरोकारवालाहरूको सहभागिता हुने प्रमाणिकरण कार्याशालाको आयोजना | | |
| प्रमाणिकरण पश्चात स्वीकृतको लागि गाउँ/नगर कार्यपालिकामा पेश | | |
| गाउँ/नगर कार्यपालिकाको स्वीकृति पश्चात स्वीकृत योजना तथा कार्यसम्पन्न प्रतिवेदन पेश | | |

## ६.परामर्शदाताले बुझाउनु पर्ने प्रतिवेदनहरु (Deliverables)

टोलि नेताले तल उल्लेख भए अनुसारका प्रतिवेदन बुझाउनु पर्नेछ ।
परामर्शदाताले देहाय बमिजमको प्रतिफल (Deliverables) बुझाउनु पर्नेछ ।

**(क) शुरुवाती प्रतिवेदनः**

परामर्शदाताले सरोकारवालाहरुसँगको प्रारम्भिक छलफल र अन्तरकृया पछि यस कार्यशर्त बमोजिमको कार्य सम्पादन गर्न गर्नुपर्ने मुख्य क्रियाकलापहरुको चरणबद्ध कार्ययोजना, समय तालिका, विधि, प्रकृया, आवश्यक तथ्यांक संकलन गर्ने फाराम तथा सुचाङ्क सहितको प्रारम्भिक प्रतिवेदन पेश गर्ने । पालिकाको प्रमुख / अध्यक्षको संयोजकत्वमा गठित निर्देशक समितिले यो सुरुवाती प्रतिवेदन स्वीकृत गरेपछि परामर्शदाताले तत्पश्चातको कार्य शुरू गर्ने ।

**(ख) दस्तावेज तथा प्रतिवेदनहरु :**

- संकलित सबै तथ्याङ्क
- कार्यशाला, छलफल, बैठकको उपस्थिति तथा निर्णय पुस्तिकाको प्रति
- अन्य दस्तावेजहरु
- स्थानीय तहको अद्यावधिक गरिएको स्थितिपत्र /पार्श्वचित्र

**(ग) मस्यौदा प्रतिवेदनः**

कार्यशर्तको कार्यक्षेत्र भित्र रहेर आवधिक योजना तर्जुमा सम्बन्धमा भएका कानूनी व्यवस्था र सङ्घ तथा प्रदेश तहबाट तयार गरिएको निर्देशिका, मापदण्ड र ढाँचाको अनुशरण गरी कालीगणडकी गाउँपालिकाको स्थानीय आवश्यकता, प्राथामिकता र विकासका संभावनाहरूका आधारमा आवश्यक दस्तावेज सहितको एकिकृत विकास/आवधिक योजनाको मस्यौदा पेश गर्ने ।

**(घ) अन्तिम मस्यौदा प्रतिवेदन :**

यस कार्यशर्त विवरण, संझौताका शर्त र कार्ययोजना अनुसार विभिन्न सरोकारवालाबाट प्राप्त पृष्ठपोषणलाई समेत ध्यान दिई स्थानीय आवश्यकता, प्राथामिकता र विकासका संभावनाहरूका आधारमा कालीगणडकी गाउँपालिकाको दीर्घकालिन सोंच, विकास रणनीति र प्राथमिकता सहितको तोकिएको ढाँचा अनुसरण गरी आवश्यक दस्ताबेज सहित अन्तिम एकिकृत विकास / आवधिक योजना पेश गर्ने ।

## ७. परामर्शदाताको रिपोर्टिङ (Reporting by the Consultant )

परामर्शदाता रिपोर्टिङको लागि सम्बन्धित स्थानीय तहप्रति जवाफदेही हुनेछन्। तथापि सम्बन्धित स्थानीय तहले परामर्शदाताले सहजिकरण गरी तयार गरेको आवधिक विकास योजना प्रदेशमा रहेको निर्देशक समितिले गुणस्तर एकिन गरेपछि मात्र भूक्तानी दिने छन्।

## ८. परामर्शदाताको लागि चाहिने सामानको व्यवस्था (Logistic Arrangment to the Consultant)

आवधिक विकास योजना तर्जुमा गर्दा परामर्शदाताको लागि चाहिने सामान/उपकरणको व्यवस्था स्वयं परामर्शदाताले गर्नेछन्।

## ९. परामर्शदाताको लागि आवधिक विकास योजना तर्जुमा सम्बन्धी प्रशिक्षण (Orientation to the Consultant on Preperation of Local level Periodic Plan)

स्थानीय तहको आवधिक विकास योजना तर्जुमा गर्ने सम्बन्धमा परामर्शदातालाई प्रदेश नीति तथा योजना आयोग र गण्डकी प्रदेश प्रसिक्षण प्रतिष्ठानद्वारा प्रदान गरिने अभिमुखीकरणमा सहभागी हुने |

## १०. विनियोजित बजेट तथा भुक्तानी योजना (Budget Allocation & Payment Plan)

यस अध्ययनको कुल बजेट रु. १३,५०,००० (अक्षरुपी तेह्र लाख पचास हजार मात्र) रहेको छ।यस बजेटले परामर्शदाताको जनशक्तिको तलब, भत्ता, यातायात, तथ्यांक संकलन खर्च, कार्यशाला संचालन खर्च, प्रसाशनिक खर्च लागायतको सम्पूर्ण खर्च समेट्ने छ।परामर्शदाताले आर्थिक प्रस्तावमा तोकिए अनुसारको शिर्षकमा फरक प्रस्ताव गर्न सक्नेछन। यस रकममा नेपाल सरकारको नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर समेत सामबेश गरिएको छ।प्रचलित कानुन मुताबिक र सम्झौतामा उल्लेख गरि नियमानुसार निम्नानुसार किस्तामा रकम भुक्तानी गराउन सकिनेछ।

- पहिलो किस्ता रकम, कुल सम्झौता रकमको २०% रकम परामर्शदाताले सम्झौतामा हस्ताक्षर गरेर नियमानुसार पहिलो प्रारम्भिकप्रतिबेदन पेशगरेपछि माग गरे बमोजिम पेस्की रकम प्राप्त गर्न सक्नेछ।
- दोस्त्रो किस्ता रकम, कुल सम्झौता रकमको २०% रकम परामर्श दाताले ड्राफ्ट प्रतिबेदन पेशगरे पछि तोकिएबमोजिम कार्यसम्पादनको आधारमा कार्य प्रगति प्रतिबेदन पेशगरेपछि लिन सक्नेछन।
- तेस्रो तथा अन्तिम किस्ता रकम अर्थात कुल सम्झौता रकमको बाँकि रकम परामर्शदाताले अन्तिम प्रतिबेदन पेशगरेर समग्र योजनाको कार्यसम्पन्न गरिसकेपछि तोकिए अनुसार बिल भर्पाइ पेस गरि प्राप्त गर्नेछन।

## ११. प्रस्ताव पेश गर्ने तरिका (Guideline for Submission of Proposal)

परामर्शदाताले तोकिएको प्रस्तावको ढाँचामा छुट्टाछुट्टै खाममा बाहिर प्राबिधिक र आर्थिक प्रस्ताव उल्लेख गरि प्रस्तावकको नाम र ठेगाना सहित सिलबन्दी गरि प्रस्ताव पेश गर्नुपर्नेछ।प्रस्तावको हार्डकपि मात्र स्वीकार गरिनेछ।प्राबिधिक प्रस्तावलाइ पृष्टभुमि, कार्य क्षेत्रगत शर्तमाथि बुझाई, अनुसन्धानको बिधि र तरिका, मानव संसाधन लयागत बिस्तृत रुपमा वर्णन गरि पेश गरिएको हुनुपर्नेछ।आर्थिक प्रस्तावको हकमा मानव संसाधन खर्च, फिल्ड भत्ता, यातायात, कार्यशाला, गोष्टीको खर्च हिसाब गरि कुल बजेटमा ननाघ्ने गरि एक्सेल सिट

फर्मेटमा तयारगरि पेशगर्नु पर्नेछ। प्रस्ताव सम्बन्धि बिस्तृत बिवरण अनुरोध प्रस्ताव फारममा उल्लेख गरिएको छ ।

## १२.प्रस्ताव मूल्यांकन गर्ने तरिका (Methods of Evaluation of Proposal)

प्रस्ताव मूल्यांकन गर्दा खरिदऐन, २०६३ (संसोधन सहित) र नियमावली, २०६४ (संसोधन सहित) अनुसार प्राविधिक प्रस्तावको अंकभार ८० र आर्थिक प्रस्तावको न्यूनतम र कम प्रस्ताब गर्ने प्रस्तावकलाइ २० अंक प्रदान गरिनेछ । प्राबिधिक र आर्थिक प्रस्ताबको कुल अंकमा सवैभन्दा वढि अंकल्याउने प्रस्तावलाई अध्ययन कार्यका लागि छनौट गरि सम्झौता गरिनेछ, र दोश्रो र तेश्रो स्थान प्राप्तगर्ने प्रस्तावलाई क्रमशः बैकल्पिक सूचीमा राखिनेछ। छनौट भएको परामर्शदाताले कार्यदिश प्राप्त भएपछि तुरुन्त कार्यारम्भ गर्नु पर्नेछ । यस कार्यक्षेत्रगत शर्तमा उल्लेख हुन्न सकेका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन। प्राबिधिक प्रस्तावको मुल्याकन गर्दा तल दिइएको अंक भारका आधारमा गरिनेछ।

- फर्मको अनुभवः अंक १०
- कार्यक्षेत्रगत शर्तमाथिको बुझाइः अंक १०
- आवधिक योजना तर्जुमाको उपयुक्त बिधि र तथ्यांक संकलनको प्रक्रियाः अंक २०
- मानव संशाधनको योग्यता र अनुभवः अंक ६०

## अनुसुचि-१ -योजना तर्जुमा खाका

**परिच्छेद — १** (परिच्छेदको संख्या उल्लेख गर्नुहोस )।
**क्षेत्रः-** कुन क्षेत्र हो उल्लेख गर्नुहोस ।(उदाहरणको लागि आर्थिक क्षेत्र)

**१.१ उपक्षेत्रको नाम लेख्नुहोस ।** (उदाहरणको लागि कृषि)

**१.१.१ पृष्ठभूमि**

यस खण्डमा योजना निर्माणका लागि रोजिएको क्षेत्र (उदाहरणका लागि कृषि)को बारेमा पृष्ठभूमि लेख्नुहोस।यस खण्ड अनुच्छेदमा लेख्ने र ६/७ हरफ भन्दा बढी नलेखी संक्षिप्त बनाउने ।

**१.१.२ प्रमुख समस्या**

यस खण्डमा उल्लिखित क्षेत्रका विद्यमान समस्याहरुको बारेमा लेख्ने ।विषय क्षेत्रसँग सम्बन्धित प्रमुख समस्या (बढीमा ६ वटा) विश्लेषण सहित एक अनुच्छेदमा लेख्ने । समस्या लेख्दा सम्बन्धित स्थानीय तहले प्रकाशन गरेको स्थितिपत्र वा अन्य कुनै दस्तावेजमा उल्लेख भएका समस्या तथा चुनौति समेतलाई मध्यनजर गरेर लेख्ने ।

**१.१.३ चुनौति र अवसर**

यस खण्डमा देहाय बमोजिमको संरचना बनाउने ।

**चुनौति**

उल्लिखित क्षेत्रसँग सम्बन्धित विद्यमान चुनौतिहरु के के छन् उल्लेख गर्ने ।६ वटा भन्दा बढी चुनौतिहरु नलेख्ने ।

**अवसर**

उल्लिखित क्षेत्रसँग सम्बन्धित अवसरहरु के के रहेका छन् उल्लेख गर्ने । ६ वटा भन्दा बढी अवसरहरु नलेख्ने ।

**१.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य**

यस खण्डमा देहायबमोजिमको संरचना बनाउने ।

**सोच**

उल्लिखित क्षेत्रका सम्बन्धमा सम्बन्धित स्थानीय तहको सोच के रहेको छ ? लेख्ने ।

*नोटः-दीर्घकालिन सोच/दुरदृष्टीले सम्बन्धित विषयक्षेत्र कहाँ (Where) पुग्ने हो सो को उत्तर खोज्दछ। तसर्थ वि.सं २१०० सम्म सम्बन्धित विषयक्षेत्र कहाँ पुग्ने हो एक वाक्यमा लेख्ने । अनावश्यक रुपमा विस्तार (Qualifying Clause) को प्रयोग नगर्ने । विषयक्षेत्रगत सोच राख्दा राष्ट्रिय, प्रादेशिक एवम् सम्बन्धित स्थानीय तहका लक्ष्य र नतिजा हासिल गर्न प्रत्यक्ष र उल्लेख्य योगदान पुर्‍याउने गरी लेख्ने । विषय क्षेत्रगत दीर्घकालिन सोचको दस्तावेज वा खाका भएमा सोसँग सामञ्जस्य बनाउने ।*

**लक्ष्य**

उल्लिखित सोचलाई मूर्त रुप दिन के कस्ता लक्ष्यहरु लिने हो ? सो बारेमा लेख्ने ।

*नोटः-लक्ष्यले सम्बन्धित विषय क्षेत्रको किन (Why) को उत्तर खोज्ने हुँदा यसलाई माथिल्लो तह र लामो अवधिको रुपमा लिने । सो अनुसार एक वाक्यमा लेख्ने । लक्ष्य लेख्दा समेत सोच खाकामा उल्लेखित स्थानीय नतिजा (Local Outcomes) हासिल गर्न प्रत्यक्ष र उल्लेख्य रुपमा योगदान पुऱ्याउने गरी लेख्ने ।*

**उद्देश्य**

उल्लिखित लक्ष्यलाई मूर्त रुप दिन के कस्ता उद्देश्यहरु आत्मसात गर्न सकिन्छ ? बुँदागत रुपमा उल्लेख गर्ने ।

१..........

२..........

३..........

*नोटः-१.उद्देश्यले पनि सम्बन्धित विषय क्षेत्रको किन को उत्तर खोज्दछ । उद्देश्य साध्य भएकोले माध्यमको रुपमा यसलाई उल्लेख गर्न जरुरी हुँदैन। त्यसैगरी उद्देश्य लक्ष्यभन्दा तल्लो तहको र छोटो अवधिको हुने पक्षलाई समेत ख्याल गर्ने । जस्तैः- "आय आर्जन कार्यक्रम सञ्चालन गरी गरिबी निवारण गर्नु" यसमा गरिबी निवारण उद्देश्य हो भने आय आर्जन सो को माध्यम हो ।*

*२. उद्देश्य लेख्दा नमूना टुंगाउने । एक क्षेत्रको एक मात्र उद्देश्य लेख्न प्रयास गर्ने । धेरै Sub-Sector भएमा प्रत्येक उपक्षेत्रको लागि पृथक उद्देश्य लेख्ने सकिने ।*

## १.१.५ रणनीति र कार्यनीति

यस खण्डमा देहायबमोजिमको संरचना बनाउने ।

| रणनीति | कार्यनीति |
|---|---|
| उद्देश्य १ - यस खण्डमा माथि १.१.४ खण्ड अन्तर्गत लेखिएको पहिलो उद्देश्य लेख्ने । | |
| १.१ यो खण्डमा उद्देश्य १ पूरागर्नअपनाउने पहिलो रणनीति उल्लेखगर्ने । | यस खण्डमा रणनीति ११. पूरागर्न के कस्ता कार्यनिति अपानउने हो सोबारे लेख्ने । कार्यनीतिको नम्बरिङ गर्दा देहाय बमोजिम गर्नुहोस ।<br>१.१.१<br>१.१.२<br>१.१.३<br>क्रमशः- |
| १२ यो खण्डमा उद्देश्य १..२ पूरागर्न अपनाउने दोस्रो रणनीति उल्लेख गर्ने । | माथि जस्तै रणनीति १.२ पूरा गर्न अपनाउने कार्यनीतिलाई नम्बरिङ गरी लेख्ने ।<br>१.२.१<br>१.२.२<br>१.२.३<br>क्रमश |

| | |
|---|---|
| १.३ यो खण्डमा उद्देश्य १ पूरागर्न अपनाउने तेस्रो रणनीति उल्लेख गर्ने । रणीनीति - नोट) (आवश्यकता अनुसार थपेर लेख्न सकिने | माथि जस्तै रणनिति १३ पूरागर्न अपनाउने कार्यनीतिलाई नम्बरिङ गरी लेख्ने।<br>१.३.१<br>१.३.२<br>१.३.३<br>क्रमशः |
| उद्देश्य २ - यस खण्डमा माथि १.१.४ खण्ड अन्तर्गत लेखिएको दोस्रो उद्देश्य लेख्ने । | |
| २.१ माथि दिएको Instruction अनुसार लेख्ने | माथिको जस्तै गरी लेख्ने ।<br>२.१.१<br>२.१.२<br>२.१.३ |
| २.२ माथि जस्तै | माथि जस्तै |
| २.३ माथि जस्तै | माथि जस्तै |
| नोट: माथि १.१.४ को खण्डमा लिएका उद्देश्य कतिवटा छन् सोही बमोजिम प्रत्येक उद्देश्यका रणणीति र कार्यनीति माथि दिएको मार्गदर्शन अनुसार गर्ने । | |

नोटः- **रणनीति लेख्दा ध्यान दिनुपर्ने कुराहरुः-**

१. उद्देश्य हासिल गर्ने माध्यमका रुपमा रणनीति भएकाले यसले सम्बन्धित विषय क्षेत्रको कसरी (How) को उत्तर खोज्दछ । कुन उद्देश्य हासिल गर्नका लागि कुन रणनीति राखिएको हो भन्ने स्पस्ट हुनुपर्दछ।

२. एउटा उद्देश्यका लागि बढीमा ३ वटा रणनीति लेख्न उपयुक्त हुने ।

३ रणनीति लेख्दा "गर्ने " वा "ने"माटुंगाउने।

४ रणनीति माध्यम (Means) भएकाले यो लेख्दा उद्देश्य वा साध्य (Ends) लाई समावेश गर्न जरुरी हुँदैन र माध्यम (Means) मात्र लेख्ने । जस्तैः- कृषिको उत्पादकत्वमा वृद्धि गर्न उन्नत बीउ निशुल्क रुपमा वितरण गर्ने भन्नु पर्दैन । यसमा उत्पादकत्व वृद्धि उद्देश्य हो भने निशुल्क रुपमा बीउ वितरण गर्ने रणनीति हो । त्यसैले रणनीति लेख्दा "उन्नत बीउ निःशुल्क वितरण गर्ने " मात्र लेख्नु उपयुक्त हुने।

**कार्यनीति लेख्दा ध्यान दिनुपर्ने कुराहरुः-**

१ योजनाको रणनीति कार्यान्वयन गर्न कार्यनीति लागू गरिन्छ । तसर्थ प्रत्येक रणनीति सँग सम्बन्धित कार्यनीति लेख्नु आवश्यक हुन्छ ।

२ कार्यनीति लेख्दा "गरिनेछ " वा "नेछ"माटुङ्ग्याउनुपर्दछ।

**१.१.६ कार्यक्रमका प्राथमिकता**

उल्लिखित क्षेत्रको योजना कार्यान्वयन गर्न महत्वपूर्ण ठानिएका कार्यक्रमहरुको प्राथमिकता देहाय बमोजिम नम्बरिङ गरी उल्लेख गर्ने ।

१.

२.
३.

### १.१.७ विस्तृत कार्यक्रम

| क्रसं. | उद्देश्य नं | रणनीति नं | कार्यनीति नं | संकेत नं | कार्यक्रम | ईकाई | आधार वर्ष (.....) | लक्ष्य | | | | | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | लक्ष्य | बजेट | |
| १. | १ | १.१ | १.१.१ | क/ख/ग | | | | | | | | | | | | |
| २. | | १.२ | १.२.१ | क/ख/ग | | | | | | | | | | | | |
| ३. | | १.३ | १.३.१ | क/ख/ग | | | | | | | | | | | | |
| ४ | | १.४ | १.४.१ | क/ख/ग | | | | | | | | | | | | |
| ५ | २ | २.१ | २.१.१ | क/ख/ग | | | | | | | | | | | | |
| ६ | | २.२ | २.२.१ | क/ख/ग | | | | | | | | | | | | |
| ७ | | २.३ | २.३.१ | क/ख/ग | | | | | | | | | | | | |
| ८ | ३ | ३.१ | ३.१.१ | क/ख/ग | | | | | | | | | | | | |

### १.१.७ को टेबल भर्ने तरिका -

माथि उल्लेखित टेबल भर्ने तरिकाको लागि १.१.५ को रणनीति र कार्यनीतिलाई मार्गदर्शनका रुपमा लिनुपर्नेछ ।

**उद्देश्य नं, रणनीति नं र कार्यनीति नं भर्ने तरिका -**

माथि कतिवटा उद्देश्य लिएको छ । सो उद्देश्य पूरा गर्न कतिवटा रणनीति उल्लेख गरिएको छ र उक्त रणनीति पूरा गर्न कतिवटा कार्यनीति उल्लेख गरिएको छ सो बमोजिम १.१.५ खण्डलाई आधार मानी लेख्ने । जस्तै उद्देश्य १ मा ३ वटा रणनीति (१.१, १.२, १.३) लिएको छ र प्रत्येक रणनीतिका लागि ३/३ वटा कार्यनीति उल्लेख(१.१.१, १.१.२, १.१.३/१.२.१, १.२.२, १.२.३/ १.३.१, १.३.२, १.३.३) गरिएको छ भने सोही बमोजिम नम्बरिङ गरी लेख्ने ।

**कार्यक्रम भर्ने तरिका -**

कार्यनीति बमोजिम कार्यक्रमहरुको तय गर्नु पर्ने छ । जस्तै कार्यनिति १.१.१ लाई पूरा गर्न कस्ता कस्ता कार्यक्रमहरुको निर्माण गर्ने हो सोही बमोजिम कार्यक्रम खण्डमा कार्यक्रमहरु लेख्ने ।

*नोटः- **कार्यक्रमहरु तयार गर्दा देहायका कुराहरुमा ध्यान दिने —***

1. *कार्यक्रम तयार गर्दा उद्देश्यले लिएका रणनीति र रणनीतिले लिएको कार्यनीतिको आधारमा तयार गर्ने । १.१.५ को खण्डमा भएका कार्यनिति प्रत्येकका कार्यक्रम बनाउने र सम्बन्धित कार्यनिति नं, रणनीति नं र उद्देश्य नं हरु तत तत ठाउँमा भर्दै जाने ।*
2. *कार्यक्रम प्राथमिकता अनुसार लेख्ने ।*
3. *कार्यक्रमलाई प्राथमिकिकरण गर्दा स्थानीय तहले आफ्नो नीति तथा कार्यक्रमले प्राथमिकता तोकेका क्षेत्रहरु के के छन् ती विषयलाई प्राथमिकता दिने ।*
4. *कार्यक्रम एकै बर्षमा नसकिने प्रकृतिका भए प्रत्येक वर्षको लागि खण्डीकृत लक्ष्य उल्लेख गर्ने ।*

**संकेत नं भर्ने तरिका —**

कार्यक्रम तय भई सकेपश्चात सो कार्यक्रम कार्यान्वयन कसले गर्ने हो ? सोही बमोजिम संकेत लेख्ने । जस्तै —

संकेत नं क — स्थानीय तह स्वयम्ले कार्यन्वयन गर्ने ।

संकेत नं ख — प्रदेशसँगको समन्वयमा कार्यन्वयन गर्ने

संकेत नं ग — संघीय सरकारसँगको समन्वयमा कार्यन्वयन गर्ने ।

**ईकाई भर्ने तरिकाः-**

कार्यक्रम अनुसार कुन ईकाईमा मापन गर्ने सो उल्लेख गर्ने ।

**आधार बर्ष तथ्याङ्क भर्ने तरिकाः-**

यस खण्डमा सम्बन्धित कार्यक्रमको आधार वर्षको वस्तुस्थिति तथ्याङ्क कस्तो रहेको सोही बमोजिम भर्ने ।

**लक्ष्य भर्ने तरिका**

यस खण्डमा योजनाको संरचना अनुसार (त्रीवर्षीय वा पञ्चवर्षीय) आर्थिक वर्षहरुमा सम्बन्धित कार्यक्रमको के कस्तो प्रगति हासिल गर्ने हो सोही बमोजिम तथ्याङ्क भर्दै जाने ।

**बजेट भर्ने तरिका**

यस खण्डमा प्रत्येक कार्यक्रमको लागि प्रति ईकाइ कती मुल्य पर्छ  सो मुल्यले लक्ष्यलाई गुणन गरी बजेट आंकलन गर्ने ।

**योजना अवधिको जम्मा उपलब्धी भर्ने तरिका**

यस खण्डमा योजना अवधिको जम्मा सम्बन्धित कार्यक्रमको Cumulative प्रत्येक बर्षको जोडगरी सोही बमोजिमका जम्मा लक्ष्य र बजेट भर्ने।

**जिम्मेवार निकाय भर्ने तरिका**

कार्यक्रम कार्यान्वयन गर्न जिम्मेवार निकायहरु कुन कुन हुन ? सो लेख्ने ।जस्तै -सम्बन्धित वडा कार्यालयहरु

**१.१.८ नतिजा**

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | प्रससं संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | | | | | |
| प्रभाव | ....... | सूचक १ | | | | | | | | | | | | | |
| | | सूचक २ | | | | | | | | | | | | | |
| असर १ | ..... | सूचक १ | | | | | | | | | | | | | |
| | | सूचक २ | | | | | | | | | | | | | |
| प्रतिफल १.१ | ..... | सूचक १ | | | | | | | | | | | | | |
| | | सूचक २ | | | | | | | | | | | | | |
| प्रतिफल १.२ | | सूचक १ | | | | | | | | | | | | | |
| असर २ | ...... | सूचकहरु | | | | | | | | | | | | | |
| प्रतिफल २.१ | ...... | सूचकहरु | | | | | | | | | | | | | |
| प्रतिफल २.२ | ...... | सूचकहरु | | | | | | | | | | | | | |
| प्रतिफल २.३ | ..... | सूचकहरु | | | | | | | | | | | | | |
| असर ३ | ..... | सूचकहरु | | | | | | | | | | | | | |

| नतिजा स्तर | नतिजा | सूचक | इकाई | आधार वर्ष | उपलब्धि | | | योजना अवधिको जम्मा उपलब्धि | पुष्ट्याईंको स्रोत | जिम्मेवार निकाय | जोखिम अनुमान | दीराल संकेत | प्रससं संकेत | दीविल संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | | | | | | | | |
| प्रतिफल ३.१ | ..... | सूचकहरु | | | | | | | | | | | | | |
| प्रतिफल ३.२ | ..... | सूचकहरु | | | | | | | | | | | | | |
| प्रतिफल ३.३ | ..... | सूचकहरु | | | | | | | | | | | | | |
| लगानी | | | | | | | | | | | | | | | |

**नतिजा खाका**

विकास योजना प्रक्रियालाई नतिजामुखी बनाउन र योजना, कार्यक्रम तथा आयोजनाहरुवीच सूचकका माध्यमबाट कसिलो सम्बन्ध स्थापना गर्न, बार्षिक योजना मार्फत आबधिक योजनामा अपेक्षित नतिजा हांसिल गर्नको लागि यथोचित साधन स्रोतको बिनियोजन गर्न, र अनुगमन तथा मूल्यांकन पद्धतीलाई नतिजामूलक गराउन विषय क्षेत्रगत नतिजा खाका बनाई कार्यान्वयनमा लैजानु उपयुक्त हुन्छ। नतिजाखाकामा तीन तहका नतिजा (प्रभाव, असर र प्रतिफल तह) परिभाषित गरी तिनीहरुको अन्तरसम्बन्ध एकिन गर्नुपर्दछ । साथै स्थानीयतह अन्तर्गत संचालित विकास कार्यक्रम तथा आयोजनाहरुबाट विषय क्षेत्रगत प्रतिफल हासिल गर्न पुर्याउने योगदान श्रृंखला एकिन गर्नुपर्छ।

**नतिजा खाका भर्ने तरिका**

सामन्यतय नतिजा खाका लगानी खण्डबाट भर्दै माथि प्रभावसम्म पुग्ने गरिन्छ । नतिजा खाकाको फ्लो— लगानीले प्रतिफल देखाउँछ, प्रतिफलले असर देखाउन सुरु गर्दछ र असरले एकमुष्ठ प्रभाव देखाउँछ भन्ने मान्यतामा संरचना गरिएको हुन्छ ।

**लगानी खण्ड भर्ने तरिका**

यस खण्डमा उल्लिखित क्षेत्रसँग सम्बन्धित योजना कार्यन्वयन गर्दा के के कुराको लगनी गर्नुपर्ने हुन्छ, सोही विचार गरी लेख्ने । जस्तै कृषि क्षेत्रमा लगानी भनेको जनशक्ति, कृषि उपकरण, मल, बीउ, सिंचाई, भूमि, तालिम, वार्षिक कार्यक्रम र बजेट आदि हुन सक्दछन् ।

**प्रतिफल खण्ड र सो का सूचकहरु भर्ने तरिका**

सामान्यतया प्रतिफल खण्डको नतिजाहरु भर्दा रणनीतिलाई आधार बनाई भर्ने गरिन्छ र सोही वमोजिम के कस्ता सूचकहरुको औचित्यता पुष्टी गर्न सकिन्छ सोही बमोजिमको सूचकहरुको व्यवस्था गर्नुपर्दछ ।

**असर खण्ड र सो का सूचकहरु भर्ने तरिका**

सामान्य तय असर खण्डका नतिजाहरु भर्दा उद्देश्यलाई आधार बनाई भर्ने गरिन्छ र सोही बमोजिम के कस्ता सूचहकरुको औचित्यता पुष्टी गर्न सकिन्छ सोही वमोजिमका सूचकहरुको व्यवस्था गर्नुपर्दछ ।

**प्रभाव खण्ड र सो का सूचकहरु भर्ने तरिका**

प्रतिफलबाट देखिने असरहरुले के कस्ता प्रभाव पार्दछन् सोही वमोजिमका सूचकहरुको व्यवस्था गरी यस खण्डमा भर्नुपर्दछ। यस खण्डमा व्यवस्था गर्ने सूचकहरु सम्बन्धित क्षेत्रको लक्ष्यहरुको औचित्यता पुष्टी गर्ने प्रकृतिका हुने गर्दछन् ।

**आधार वर्ष तथ्याङ्क र सूचकहरुका वार्षिक उपलब्धि भर्ने तरिका**

सूचक अनुसार आधार वर्षमा उपलब्ध तथ्याङ्क र वार्षिक अपेक्षित उपलब्धी भर्दै जाने । यदी १.१.७ मा उल्लेख भएका कार्यक्रमहरु मार्फत सिर्जना भएका सूचकहरुको प्रकृति र कार्यक्रम Similar भएमा एकरुपता कायम हुने गरी तथ्याङ्कहरु भर्ने ।(विशेष गरी प्रतिफल खण्डका सूचकहरु र कार्यक्रमहरु एकै प्रकृतिका हुने गर्दछन् ।

**योजना अवधिको उपलब्धि भर्ने तरिका**

१.१.७ मा विस्तृत कार्यक्रम खण्डमा योजना अवधिको जम्मा उपलब्धी भर्दा अपनाउने तरिका जस्तै यस खण्ड भर्नु पर्दछ ।

**पुस्टयाँईको स्रोत भर्ने तरिका**

यस खण्डमा निर्दिष्ट गरिएका सूचकहरुको योजना अवधिमा भएका उपलब्धी कुन निकायको दस्ताबेजले पुष्टी गर्दछ सोही निकायको नाम उल्लेख गर्ने ।

**जिम्मेवार निकाय खण्ड भर्ने तरिका**

सूचकहरुलाई मूर्त रुप दिन कार्यक्रकम कार्यान्वयन गर्दा कुन निकाय जिम्मेवार रहन्छ सोही निकायको नाम यस खण्डमा भर्ने ।

**जोखिम अनुमान खण्ड भर्ने तरिका**

यस खण्डमा सूचकहरुलाई मूर्त रुप दिने कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता चुनौतिहरु/समस्या रहन सक्छन अनुमान गरी लेख्ने । यस खण्डलाई सकरात्मक तबरले उल्लेख गर्नुपर्दछ । जस्तै — कुनै कार्यक्रमको(सडक निर्माण) कार्यान्वयन गर्दा सरोकारवालहरुको सहयोग प्राप्त गर्ने चुनौति हामिले महशुस गरेका छौं भने यस खण्डमा लेख्दा सरोकारवालाहरुको सहयोग रहने भनि लेख्ने ।

**दीराल संकेत भर्ने तरिका**

दीराल संकेत भनेको दीर्घकालिन राष्ट्रिय लक्ष्यका संकेत नं हरु हुन् ।योजना तर्जुमा गर्दा केन्द्रीय योजनासँग तादम्यता मिलाउने अभिप्रायले यस्ता संकेतहरुको व्यवस्था गरी सामञ्जस्यता कायम गर्ने गरिन्छ । दीराल संकेत देहाय बमोजिम रहेका छन्ः

<u>समृद्धिका दीर्घाकालिन राष्ट्रिय लक्ष्य</u>

संकेत नं १ — उच्च र समतामूलक राष्ट्रिय आय

संकेत नं २ — मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग

संकेत नं ३ — सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आवद्धता

संकेत नं ४ — उच्च र दीगो उत्पादन तथा उत्पादकत्व

<u>सुखका दीर्घकालिन राष्ट्रिय लक्ष्य</u>
संकेत नं ५ — परिष्कृत तथा मर्यादित जीवन
संकेत नं ६ — सुरक्षित सभ्य र न्यायपूर्ण समाज
संकेत नं ७ — स्वस्थ र सन्तुलित पर्यावरण
संकेत नं ८ — सुशासन
संकेत नं ९ — सवल अर्थतन्त्र
संकेत नं १० — राष्ट्रिय एकता, सुरक्षा र सम्मान

यी संकेत हरु भर्दा आफूले निर्धारण गरेका सूचकहरुसँग मिल्ने संकेत नं कति हो त्यो भर्ने। जस्तै: संरक्षण गरिएका पुरातात्विक महत्वका वस्तु तथा सम्पदाहरुको संख्या सूचकसँग मिल्ने दीराल संकेत — संकेत नं ६ (सुरक्षित सभ्य र न्यायपूर्ण समाज) सँग मिल्ने भएकोले संकेत उल्लेख गर्दा ६ उल्लेख गर्ने ।

**दीवलि संकेत भर्ने तरिका—** दिविल संकेत भनेको दिगो विकास लक्ष्यको संकेत हो । दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गर्ने अभिप्रायले यस्ता संकेतहरुको व्यवस्था योजनामा समावेश गर्दा उपयुक्त हुने गर्दछ । दीविल संकेत देहाय बमोजिम रहेका छन:
संकेत नं १ — हरेक क्षेत्रमा रहेका सवै स्वरुपका विषम गरिबीको अन्त्य गर्ने ।
संकेत नं २ — भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धन गर्ने ।
संकेत नं ३ — सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश?चितता गर्दै समृद्ध जीवन स्तर प्रवर्द्धन गर्ने ।
संकेत नं ४ — सवैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइका अवसरहरु प्रवर्द्धन गर्ने ।
संकेत नं ५ — लैङ्गिक समानता हासिल गर्ने सबै महिला, किशोरी र बालबालिकाहरुको सशक्तिकरण गर्ने ।
संकेत नं ६ — सवैका लागि खानेपानी र सरसफाइको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।
संकेत नं ७ — खर्चले धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक अर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।
संकेत नं ८ — स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि र सवैका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम प्रवर्द्धन गर्ने ।
संकेत नं ९ — उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकिकरणको प्रवर्द्धन र नव प्रवर्तनलाई प्रपत्साहन गर्ने ।
संकेत नं १० — मुलुकभित्र र अन्य मुलकहरुबीचको असमनता अन्त्य गर्ने ।

संकेत नं ११ — शहर तथा मानव वस्तीहरुलाई समावेशि, सुरक्षित, उत्थानशील र दिगो वनाउने ।
संकेत नं १२ — दिगो उपभोग र उत्पादनका ढाँचा सुनिश्चित गर्ने ।
संकेत नं १३ — जलवायु परिवर्तन र त्यसका प्रभावहरुसँग जुध्न तत्काल कार्य अगाडि बढाउने ।
संकेत नं १४ — गण्डकी प्रदेशको लागि सान्दर्भीक नभएको ।
